सर्वोच्च अदालत, संयुक्तइजलास

माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेठ

माननीय न्यायाधीश श्रीजगदीश शर्मा पौडेल

आदेश

०७३-RE-०१९५

विषयः बेरीतको आदेश बदर गरी पाउँ।

डिलबहादुर मोक्तान ------------------------------------------निवेदक/प्रतिवादी

विरुद्ध

प्र.नि. प्रदिपराज आचार्यको प्रतिवेदनले नेपाल सरकार -------------विपक्षी/वादी

मुद्दाः लागू औषध गाँजा

सहरजिष्ट्रार, सर्वोच्च अदालतके,

निवेदन र प्राप्त कैफियत प्रतिवेदन पेस भई निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री शम्भु थापा, डा. श्री कुमार शर्मा आचार्य, तथा विद्वान अधिवक्ताहरु श्री श्रीप्रसाद पण्डित, श्री हरि फुयाँल, डा. श्री चन्द्रकान्त ज्ञवाली, श्री यदुनाथ खनाल, श्री टिकाराम भट्टराई, श्री बिजय मिश्र, श्री गोपालकृष्ण घिमिरे, श्री प्रकाश के.सी., श्री लेखनाथ भट्टराई, श्री थानेश्वर काफ्ले, श्री टिकाबहादुर कुँवर, श्री शिवकुमार यादव, श्री मनिषा बस्नेत, श्री भरत राउत, श्री दिलकुमारी राई, श्री विकास भट्टराई, श्री फणिन्द्रप्रसाद शर्मा र श्री दिपेन्द्र अधिकारीले गर्नुभएको बहस सुनियो।

यसमा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०५८।८।२१ मा निवेदकलाई २ वर्ष कैद र रु. २०,०००।-जरिवाना हुने गरी फैसला भएकोमा सो फैसलांउपर यस अदालतमा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदनको साथमा मुलुकी ऐन अ.ब. १९४ नं. बमोजिमको सुविधा माग गरी निवेदन दिएको देखिन्छ। उक्त निवेदनमा सुरु अदालतमा पुर्पक्ष गर्दा रु. २०,०००।- धरौटी राखी तारिखमा रहेको र पुनरावेदन गर्दा जरिवानाबापत जेथा जमानी दिएको हुँदा र थुनामा बस्नुपर्ने अवस्था नहुँदा अ.ब. १९४ नं. बमोजिम धरौटी दाखिल गरी तारेखमा वसी कारवाही गरी पाउँ भन्ने माग गरेको देखिन्छ।

निवेदकको उक्त निवेदनउपर यस अदालतका सहरजिष्ट्रारबाट मिति २०७३।९।१३ मा आदेश हुँदा निवेदकको मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन "पुनरावेदन" नभएको र मुद्दा दोहोऱ्याई हेर्ने आदेश भएपछि मात्र यस्तो निवेदन पुनरावेदन सरह दर्ता हुने हुँदा हाल दोहोऱ्याई पाउँ भन्ने निवेदन साथ अ.व. १९४ नं. बमोजिमको सुविधा प्रदान गर्न मिलेन भन्ने आदेश भएको देखिन्छ। सहर्जिष्ट्रारको उक्त आदेश वेरीतको भएको भनी निवेदकको तर्फबाट परेको निवेदनमा इजलासबाट कैफियत प्रतिवेदन माग भै प्राप्त कैफियत प्रतिवेदन यस इजलास समक्ष पेश भएको देखियो।

यस सम्वन्धमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा निवेदकलाई लागू औषध मुद्दामा मकवानपुर जिल्ला अदालतबाट मिति २०५६।१२।२७ मा २ वर्ष कैद र रु. २०,०००।-जरिवाना हुने गरी फैसला भएको र सो उपर चित्त नबुझी निवेदकले पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गरेकोमा उक्त अदालतबाट मिति २०५८।८।२१ मा सुरु फैसला सदर गर्ने गरी फैसला भएको देखिन्छ। उक्त फैसला कार्यान्वयनको सिलसिलामा आफू पक्राउ परेपछि आफ्नो कानून व्यवसायीमार्फत मिति २०७३।८।१२ मा फैसलाको नक्कल सारी थाहा पाएको भनी निवेदकले अ.बं. १९४ नं. को सुविधा सहित मुद्दा दोहोऱ्याई हेरी पाउँन अदालतमा प्रवेश गरेको अवस्था देखिन्छ।

प्रस्तुत विषयमा मुख्यरुपमा निवेदकले यस अदालतमा दायर गर्न ल्याएको मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन दर्ता गर्दा अ.वं. १९४ नं. वमोजिमको सुविधा उपलब्ध हुने हो वा होइन र अ.बं. १९४ नं. को सुविधा निवेदकले नपाउने भनी सहरजिष्ट्रारबाट भएको आदेश रीत वा वेरीत के हो भन्ने सम्वन्धमा नै विचार हुनुपर्ने देखिएको छ।

यस सम्बन्धमा सर्वप्रथम अ.बं. १९४ नं. को देहाय १ र २ को कानूनी व्यवस्थालाई उल्लेख गर्न सान्दर्भिक हुन्छ। उक्त व्यवस्था देहाय बमोजिम रहेको छः-

१९४ नं. : फैसला गर्ने अड्डाले फौजदारी मुद्दामा फैसला हुँदा कैदको सजाय पाउने कसूरदार ठहरिएकोलाई सो फैसलाउपर पुनरावेदन गर्न बढीमा ३ वर्षसम्म कैदको सजाय भएकोमा र पूर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा पुनरावेदन गर्ने म्यादसम्मलाई सो अड्डाले धरौट वा जमानीमा छाड्न सक्नेछ.........................................................१

पुनरावेदन सुन्ने अड्डाले भए पुनरावेदन गर्ने म्यादसम्मलाई र पुनरावेदन दर्ता भएकोमा किनारा नभएसम्मलाई बढीमा १० वर्षसम्म कैदको सजाय भएकोमा र पूर्पक्षलाई थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा धरौट वा जमानीमा छाड्न सक्नेछ ................................२

अ.बं. १९४ नं. को देहाय १ र २ को उक्त व्यवस्था अवलोकन गर्दा उक्त व्यवस्था फौजदारी मुद्दामा कैदको सजाय भएका कसुरदारलाई पुनरावेदन अवधिको लागि प्राप्त हुने धरौट तथा जमानत (Bail During Appeal Proceedings) संग सम्वन्धित रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थामा फौजदारी मुद्दामा कसुरदार ठहरी फैसला भएकोमा पुनरावेदन सुन्ने अड्डाले पुनरावेदन गर्ने म्याद सम्मलाई र पुनरावेदन दर्ता भएकोमा किनारा नभए सम्मलाई वढीमा १० वर्षसम्म कैदको सजाय भएकोमा र पुर्पक्षकोलागि थुनामा वस्नु नपर्ने मुद्दा भएमा वा नवसेको भएमा धरौट वा जमानीमा छाड्न सक्नेछ भन्ने उल्लेख भै त्यस्तो सुविधा पुनरावेदन दर्ता गर्न र पुनरावेदन दर्ता भएकोमा किनारा हुने अवधिसम्मलाई मात्र प्रदान हुन सक्ने व्यवस्था गरेको देखिन्छ ।

वस्तुतः अ.वं. १९४ नं. को उक्त कानूनी व्यवस्था यस अदालतमा पुनरावेदनको रोहमा दायर हुने मुद्दाको हकमा मात्र आकर्षित हुने भन्ने कुरा सो नं. मा प्रयुक्त **"पुनरावेदन गर्ने म्यादसम्मलाई"** र **"पुनरावेदन दर्ता भएकोमा"** भन्ने शब्दावलीवाट स्पष्ट हुन्छ। तल्लो अदालतको फैसलाउपर एक तह इन्साफ जाँच गर्न पाउने मुद्दाका पक्षको पुनरावेदकीय अधिकारअन्तर्गत प्राप्त हुने सविधाको क्षेत्रलाई विस्तार गरी मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन समेतमा सो सुविधा आकर्षित हुनसक्ने भनी उक्त कानूनी व्यवस्थाको अर्थ गर्न मिल्ने देखिदैन।

**यसै प्रसंगमा दण्ड सजायको २३ नं. को** व्यवस्थाको उल्लेखन हुन सान्दर्भिक हुन आउँछ। उक्त २३ नं. ले तल्लो अदालतवाट कैद र जरिवानाको सजाय तोकी फैसला भएकोमा अ.वं. १९४ नं. बमोजिम धरौट वा जमानत दिएमा बाहेक तत्काल जरिवाना नतिरेमा सोवापत लाग्ने कैद र फैसलाले लागेको कैद समेत असूल गर्न कारागारमा पठाई दिनुपर्छ भन्ने व्यवस्था गरेको देखिन्छ।

त्यसैगरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २५(११) मा तलको कुनै अदालत वा अर्धन्यायिक अधिकारी वा निकायवाट कानूनवमोजिम सजाय पाएको कुनै व्यक्तिले सो आदेश वा

फैसलाउपर पुनरावेदन गरेको वा सो आदेश वा फैसला वदर गराउन निवेदन पत्र दिएको सर्वोच्च अदालतको कुनै फैसला वा अन्तिम आदेशको पुनरावलोकन गराउनको लागि निवेदन पत्र परेकोमा पुनरावेदक वा निवेदकले अदालतको फैसला वमोजिम सजायको आदेश वा फैसला अनुसार सजाय भोगेको वा भोगिरहेको वा सो बापत कानून वमोजिम धरौट वा जमानत दिएको निस्सा पेस गर्नुपर्छ। त्यस्तो निस्सा पेश नगरेमा त्यस्तो पुनरावेदन वा निवेदन दर्ता हुने छैन भन्ने व्यवस्था भएको देखिन्छ।

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २५(११) को उक्त व्यवस्थाको सम्वन्धमा सर्वोच्च अदालत वुलेटिन २०७३, असोज १, पृष्ठ १ मा प्रकाशित निवेदक माधव घिमिरे विपक्षी काठमाण्डौ जिल्ला अदालतसमेत भएको ०७१-RE-०१६३ को प्रतिवेदनमा **"कुनै व्यक्तिलाई फैसलाले लागेको सजाय वापत स्वतः धरौट वा जमानी दिने भन्ने नभै सजाय भोगेको, भोगिरहेको वा प्रचलित धरौट वा जमानी सम्वन्धी कानूनी व्यवस्था वमोजिम धरौट वा जमानत दिएको निस्सा पेश गरेमा मात्र पुनरावेदन पत्र, मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन, पुनरावलोकन गरी पाउँ भन्ने निवेदन र अन्य प्रकृतिका लिखत दर्ता गर्ने कार्यविधिगत व्यवस्था भएको"** भनी यस अदालतको वृहत् पूर्ण इजलासवाट व्याख्या भएको पाइन्छ।

त्यस्तै जिल्ला अदालत नियमावली, २०५२ को नियम ८०क ले कुनै मुद्दामा न्याय प्रशासन ऐनको दफा १२ अन्तर्गत दोहोऱ्याई पाउँ भन्ने निवेदन परी मुद्दा चलिरहेको भएतापनि पुनरावेदन तहको अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सोही कारणले मात्र त्यस्तो मुद्दामा भएको फैसला बमोजिम फैसला कार्यान्वयनमा बाधा पर्ने अवस्था देखिदैन भन्ने व्यवस्था गरेको पाइन्छ। उक्त कानूनी व्यवस्था अनुसार निवेदकले अ.बं. १९४ नं. को सुविधा प्राप्त गरी नसकेको यस अवस्थामा शुरू र पुनरावेदन अदालतवाट भएको फैसलालाई चुनौति दिई मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी निवेदन परेकै मात्र आधारमा जिल्ला अदालतको फैसला कार्यान्वयन प्रक्रियालाई रोकीहाल्नु पर्ने अवस्थासमेत हुदैन।

यस अदालतको वृहत् पूर्ण इजलासबाट माथि उल्लिखित सर्वोच्च अदालत वुलेटिन २०७३, असोज १, पृष्ठ १ मा प्रकाशित ०७१-RE-०१६३ को प्रतिवेदनमा रिट निवेदन दर्ता गर्ने सम्वन्धमा अ.बं. १९४ नं. को सुविधा प्राप्त हुन सक्ने वा नसक्ने भन्ने विवादमा व्याख्या गरिएको भए पनि सो व्याख्या प्रस्तुत विषयमा पनि सान्दर्भिक भएको देखिन्छ। वृहत् पूर्ण इजलासको सो व्याख्यामा **अ.वं.१९४ नं.को व्यवस्था पुनरावेदनको रोहमासम्म आकर्षित हुने देखिएको, जुन प्रयोजनको लागि** अ.वं.१९४ नं. बनेको छ, सोही प्रयोजनको लागि उक्त कानूनी व्यवस्था आकर्षित गर्नु पर्ने देखिँदा उक्त कानूनी व्यवस्थाको अनुचित विस्तार गरी अन्य क्षेत्रमा लागु गर्न सकिने नदेखिएको भन्ने सिद्धान्त प्रतिपादन भै फैसलाले लागेको सजाय भोगेको वा भोगिरहेको वा पुनरावेदन वा सो सरहको निवेदनको

रोहवाट अ.वं.१९४ नं. वमोजिम धरौट वा जमानतको सुविधा प्राप्त गरेको निस्सा पेश गरेको अवस्थामा मात्र दर्ता गर्न भनी यस अदालतका रजिष्ट्रारलाई निर्देशन गरिएको पाइन्छ ।

माथि उल्लिखित कानूनी व्यवस्था र सो सम्बन्धमा यस अदालतको वृहत् पूर्ण इजलासबाट प्रतिपादन भएको सिद्धान्त समेतको समग्रतामा प्रस्तुत विवादको तथ्यगत अवस्थालाई हेर्दा निवेदकलाई पुनरावेदन अदालत हेटौडाबाट कैद तथा जरिवाना हुने गरी भएको फैसला अन्तिमरुपमा रहेको अवस्था छ। सोही फैसलाको कार्यान्वयनको सिलसिलामा निवेदक पक्राउ परी हाल थुनामा रहेको देखिन्छ। निजले अ.बं. १९४ नं. वमोजिमको सुविधा प्राप्त गरी तारेखमा बस्न पाउँ भनी दिएको निवेदन साथ मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन समेत संलग्न रहेको देखिन्छ। निवेदकले दायर गरेको मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदनमा यस अदालतबाट दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको अवस्थामा यि निवेदकले अ.ब. १९४ नं. अन्तर्गतको सुविधा पाउन पुनः यस अदालतमा निवेदन दिन सक्ने अवस्था बाँकी नै रहेको र सोही बखत निजले अ.ब. १९४ नं. को सुविधा पाउने वा नपाउने भन्ने सम्बन्धमा विचार हुन सक्ने अवस्था पनि बाँकी नै रहेको छ। परन्तु हाल निवेदकको मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदनले पुनरावेदनको रूप ग्रहण गरिसकेको अवस्था नहुँदा निजले अ.बं. १९४ को सुविधा प्राप्त गर्न सक्ने अवस्था नदेखिकाले सो सुविधा प्रदान नहुने भनी सहरजिष्ट्रारबाट भएको आदेश मनासिव नै देखिन आयो।

अतः उपर्युक्त आधार र कारण समेतबाट यस अदालतका सहरजिष्ट्रारबाट निवेदकले मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी दिएको निवेदनमा अ.ब. १९४ नं. बमोजिमको सुविधा प्रदान गर्न नमिल्ने भनी मिति २०७३।९।१३ मा गरेको आदेश बेरीतको नदेखिंदा परिवर्तन गरिरहन परेन। कानून बमोजिम गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम् ..............................................।